फोनः ०५६-४१०१२२/४१०१११
इमेलः info@ichchhakamanamun.gov.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मितिः

## कृषि उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८१/०८/०९

प्रस्तुत विषयमा यस इच्छाकामना गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम **कृषि उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम** अन्तर्गत कृषिजन्य र पशुजन्य उत्पादनमा **कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८१** मा उल्लेख भएबमोजिम न्यूनतम उत्पादनको आधारमा प्रोत्साहन रकम उपलब्ध गराइने हुँदा यस कार्यक्रममा संलग्न हुन चाहने कृषक समूह/ कृषि सहकारी/ व्यवसायिक कृषि फर्मलाई दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८१/०८/२३ गते) भित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ । यस कार्यक्रममा समावेश हुन चाहने कृषक समूह/ कृषि सहकारी/ व्यवसायिक फर्मले कृषकबाट उपलब्ध उपजको सङ्कलन तथा खरिद/ बिक्रीको आधिकारिक खाता दुरुस्त गर्नुपर्नेछ।

**आवश्यक कागजातहरु:**

१. निवेदन
२. वडा कार्यालयको सिफारिस पत्र
३. कृषक समूहको हकमा, समूह दर्ता, बैठकको निर्णयको माइन्युट
४. व्यवसायिक कृषि फर्म भएमा आधिकारिक दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि
५. सहकारीको हकमा, संस्था दर्ता, स्थायी लेखा नम्बर र गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**कार्यार्थ:**
श्री सूचना प्रविधि शाखा (१-७ नं. वडामा सूचना सम्प्रेषण गर्नुहुन)

**नोट: यस कार्यक्रम बारे थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।**
**(सम्पर्क नं.: ९८४५९८४५१०, ९८४५६५२३४७, ९८४५९७६०५५, ९८६५५०५५०६, ९८४५३३१८३७)**